# ‘स्वतन्त्र सञ्चालकको व्यवस्था हटाउनुपर्छ’

असार १, काठमाडौं (अस) । स्वतन्त्र सञ्चालकले बैङ्क तथा वित्तीय संस्थाको बोर्डमा बसेर भत्ता खानेबाहेक कुनै रचानात्मक काम गर्न नसेको भन्दै नेपाल राष्ट्र बैङ्कका पूर्वगभर्नर विजयनाथ भट्टराईले सो व्यवस्था हटाउनुपर्ने बताएका छन् । नेपाल आर्थिक सङ्घ र साउथ एशिया वाच अन ट्रेड इकोनोमिक्स एण्ड इन्भाइरोमेण्ट (सावती)ले संयुक्त रूपमा आयोजना गरेको ‘बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन (बाफिया) र वित्तीय क्षेत्रको भावी दिशा’ विषयक छलफल कार्यक्रममा उनले त्यस्तो बताएका हुन् । उनले भने, ‘बैङ्कलाई वर्ग विशेषका व्यक्तिले छिटो नाफा कमाउने व्यापार बनाउन खोजेकाले व्यापारीले बैङ्क खोल्न नपाउने व्यवस्था बाफियामा गर्नुपर्छ ।’

कार्यक्रममा अधिकांश वक्ताले बैङ्क तथा वित्तीय संस्थालाई नियमन गर्ने नेपाल राष्ट्र बैङ्कलाई अभैm अधिकारसम्पन्न र सशक्त बनाउनुपर्ने माग गरे । समयअनुसार वित्तीय क्षेत्रको संरचना परिवर्तन हुने भएकाले सोहीअनुसार निर्णय गर्ने अधिकार केन्द्रीय बैङ्कलाई दिए मात्र बैङ्किङ क्षेत्र सशक्त बन्ने धारणा पूर्व अर्थमन्त्री एवम् सांसद् डा. रामशरण महत, नेपाल बैङ्कर्स सङ्घका अध्यक्ष उपेन्द्र पौड्याल, पूर्व गभर्नर भट्टराई, लुम्बिनी बैङ्कका प्रमुख कार्यकारी अधिकृत शोभनदेव पन्तलगायतको थियो ।

व्यवस्थापिका–संसद्को अर्थ समितिले पारित गरी सदनमा पेश गरेको विधेयकमा अभैm पनि कमजोरीहरू रहेकाले सच्याउनुपर्नेमा पनि उनीहरूले जोड दिए । छलफलमा बैङ्कका अध्यक्ष र सञ्चालकको कार्यकाल, संस्थापक शेयर साधारणमा परिणत गर्ने अवधि, विधेयकका महत्वपूर्ण व्यवस्था परिवर्तन गर्न स्वार्थ जोडिएका सांसद्को प्रत्यक्ष संलग्नताजस्ता विषयमा सरोकारवालाले गम्भीर चासो व्यक्त गरेका थिए ।